"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No):
चलानी नं. (Reg. No):

मिति : २०७९/०१/२९

**स्थानीय तह निर्वाचन २०७९ का अवसरमा महालक्ष्मी नगरपालिकाका नगर प्रमुख श्री रामेश्वर श्रेष्ठले जारी गर्नुभएको सन्देश**

२०७९ साल वैशाख ३० गते हुन गइरहेको स्थानीय तह सदस्य निर्वाचनमा निर्धक्क भएर मतदान गर्न आदरणीय महालक्ष्मी नगरबासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरुमा अपिल गर्दछु। लोकतन्त्रको सबैभन्दा सुन्दर पक्ष नै जनताले निर्वाचित गरेका प्रतिनिधिबाट मुलुकको शासन सञ्चालन हुनु हो। आवधिक निर्वाचनले जनतामा निहित सार्वभौमसत्तालाई औपचारिकरूपले अभिव्यक्त गर्दै राज्यशक्तिको वास्तविक स्रोत जनतामा रहेको सत्यलाई व्यवहारमा प्रकट गर्दछ।

प्रतिनिधिमूलक शासन व्यवस्थाको आधारशीला र लोकतन्त्रको सार्थक अभ्यास गर्ने माध्यम निर्वाचन भएकाले कानून बमोजिम योग्यता पुगेका हरेक नागरिकलाई मतदानमा सहभागी हुन आहवान गर्दछु। महालक्ष्मी नगरपालिकामा पुरुष १७ हजार ५४८, महिला १९ हजार ११९ गरी कूल ३६ हजार ६६७ मतदाताहरुलाई पद, पैसा र पहुँचबाट प्रभावित नभई एवं निष्ठा, विचार र सिद्धान्तबाट निर्देशित भएर मतदानमा सहभागी हुन आग्रह गर्दछु।

आशा छ, कसैको प्रलोभन र प्रभावमा नपरी आफूलाई मन परेको उम्मेदवारको निर्वाचन चिह्नमा स्वस्तिक छाप लगाई आफूले प्रदान गरेको अमूल्य मत बदर नहुने गरी सही तरिकाले निर्धक्क भएर मतदान गर्नुहुन र मतदान कार्यलाई सम्पूर्णरूपले सफल बनाइदिनुहुन आग्रह गर्दछु।

निर्वाचनमा सहभागी हुनुभएका राजनीतिक दलहरुलाई स्वस्थ प्रतिस्पर्धा गर्दै आपसी एकता, राजनीतिक सम्बन्ध र सहयोगी भावना प्रकट गरिदिनुहुन अनुरोध गर्दछु। निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गरेर महालक्ष्मी नगरपालिकाका राजनीतिक दलहरु मुलुकमै नमूना बन्न सक्ने अपेक्षा गरेको छु।

धन्यवाद।

रामेश्वर श्रेष्ठ
नगर प्रमुख
महालक्ष्मी नगरपालिका